**सभाध्यक्ष ज्यू,**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (७१) बमोजिम हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथरको आगामी आ.व २०८२।०८३ को राजश्व र ब्ययको (बजेट प्रस्तुत  गर्न अनुमति चाहान्छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यबस्था स्थापनाको लागि बिभिन्न कालखण्डमा भएका जनआन्दोलन लगायत राजनीतिक क्रान्ति एवं संघर्षलाई म स्मरण गर्न चाहान्छु । जनअधिकार र राजनीतिक परिबर्तनका लागि आफ्नो अमूल्य जीबन बलिदान गर्ने महान शहिदहरुप्रति भाबपूर्ण श्रद्धान्जली ब्यक्त गर्दछु ।
३. सामाजिक न्याय सहितको बहुआयामिक एबं सर्बसुलभ विकासद्धारा दिगो शान्ति , सुशासन सहितको विकास र सम्मृद्धिको आकांक्षा पूरा गर्न हिलिहाङ गाउँपालिकाले अख्तियार गरेको दोस्रो पञ्च बर्षिय आवधिक योजना कृषि, उर्जा, पर्यटन र प्रविधि हिलिहाङ गाउँपालिकाको सम्मृद्धी पूरा गर्ने सवालमा मूर्त रुप प्रदान गर्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु तर्जुमा गरी छनौट गरिएको छ ।

**सभाध्यक्ष महोदय**
१.  अब म आगामी आर्थिक बर्ष २०८२/०८३ को लागि योजना, आयोजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा लिएका आधारहरुलाई सभा समक्ष पेश गर्न चाहान्छु । आगामी आर्थिक बर्ष २०८२/०८३ योजना तथा कार्यक्रमहरु पारित गर्ने क्रममा देहाय बमोजिमका आधारहरुको अनुशरण गरी महत्वपूर्ण आधारको रुपमा लिएको छु ।
(क) नेपालको संविधान
(ख) दिगो विकासका लक्ष्यहरु
(ग) सोह्रौं पञ्च बर्षिय योजना
(घ) अर्थ मन्त्रालयले बजेट तर्जुमा गर्ने क्रममा जारी गरेका निर्देशिकाहरु
(ङ) स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४
(च) स्थानीय सरकार सञ्चालन ऐन २०७४
(छ) हिलिहाङ गाउँपालिकाको दोश्रो पञ्चबर्षीय योजना
(ज) गाउँपालिकाद्धारा पारित मूल नीति तथा कार्यक्रम

२. गाउँपालिकाले आ व २०८२।८३ का लागि निम्न आयस्रोतहरुको अधिनमा रही नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि रु ५६ करोड ८५ लाख ७४ हजार को आय अनुमान पेश गरेको छु ।

**<u>तपशिल</u>**

- संघीय समानिकरण अनुदान रु ९ करोड ६४ लाख रुपैंया, सशर्त अनुदान रु २८ करोड ८५ लाख  नेपाल सरकार समपुरक अनुदान पूँजीगत रु ९२ लाख र विशेष अनुदान रु ५० लाख आय अनुमान गरेको छु ।

- प्रदेश समानिकरण अनुदान रु ८७ लाख ९३ हजार, सशर्त अनुदान रु ६९ लाख ८५ हजार र समपुरक अनुदान पुँजीगत रु १ करोड ४० लाख मात्रको आय अनुमान गरेको छु ।

- संघीय राजश्व बाँडफाँड तर्फ ८ करोड ३७ लाख ८५ हजार, प्रदेश राजश्व बाँडफाँडबाट ७० लाख २८ हजार र स्थानीय तहलाई प्राप्त हुने रोयल्टी अनुमानित रु २७ लाख १ हजारको आय अनुमान गरेको छु ।

- स्थानीयतहलाई प्राप्तहुने बन तथा विद्युत रोयल्टी बापतको आय अनुमान रु २७ लाख १ हजार ३ सय ५२ हुने अनुमान गरेको छु ।

- आन्तरिक राजश्व तर्फ १ करोड ३३ लाख र गत बर्षको मौज्दात रकम रु ३ करोड २८ लाख ८२ हजार रकम आय अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय,

यस गाउँपालिकाको आगामी आ व २०८२।०८३ मा संघीय र प्रदेश अनुदान सहित कुल चालु तर्फ ३९ करोड ५२ लाख १४ हजार ६ सय ६७ रुपैंया र पूँजीगत तर्फ रु १७ करोड ३३ लाख ६० हजार गरी जम्मा रु ५६ करोड ८५ लाख ७४ हजार ६ सय ६७ रुपैंया को व्यय अनुमान गरेको छु ।

अब म यस गाउँपालिकाको कार्यालयबाट संचालन हुने मुख्यमूख्य कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## पुर्वाधार विकास तर्फ

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा निर्दिष्ट भएको अधिकारहरुको प्रभाबकारी रुपमा कार्यान्वयन गर्दै हिलिहाङ गाउँपालिकाको समग्र विकासमा चाहिने अत्यावश्यक भौतिक संरचनाहरु क्रमश निर्माण गर्दै लगिने कार्यनीति अवलम्बन गरिने छ ।

१. पाँचशैया अस्पतालको कार्य सम्पन्न गरि हिलिहाङ बासीलाई गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागि पुर्वाधार तयारीका लागि ३ करोड ५० लाख रुपैंया संघीय सशर्त अन्तर्गत विनियोजन गरेको छु ।

२. शिक्षा गुरुयोजना बमोजिम विद्यालयको भौतिक पूर्वाधार कार्यका लागि केन्द्र सरकारबाट स्थानीय साझेदारी सहित कार्यान्वयन गर्नका लागि रु १ करोड २९ लाख र पालिकाले सोही योजनामा साझेदारी गर्ने गरी रु ३५ लाख विनियोजन गरेको छु ।

३. प्रदेश सशर्त पुंजीगत कार्यक्रम अन्तर्गत विभिन्न विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण, नवमी बजार कृषि बजार ट्रष्ट र इन्द्र मन्दरा खेल मैदानको भौतिक व्यवस्थापनका लागि रु ५३ लाख विनियोजन गरेको छु ।
४. स्थानीय सरकार संचालनको लागि आवश्यक संरचना प्रशासकीय भवन निर्माणका लागि १ करोड ४५ लाख रुपैंया विनियोजन गरिएको छ ।
५. प्रदेश समपुरक अन्तर्गत वडा नं ३ र मृदुंगा झरनाको संरचना निर्माणका लागि रु १ करोड ४० लाख विनियोजन भएकोमा पालिकाले सोही योजनामा रु ६० लाख रकम विनियोजन गरेको छु ।
६. संघीय सरकारको समपुरक योजना श्री चम्पा चिस्यान केन्द्र आगामी आ व २०८३।०८४ सम्म सम्पन्न गर्ने गरि रु ९२ लाख विनियोजन भएकोमा पालिकाबाट सोही योजना सम्पन्न गर्नका लागि रु ७० लाख विनियोजन गरेको छु ।
७. गाउँपालिकाभित्रका विभिन्न गौरवका योजना/आयोजनाहरुको निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
८. गाउँपालिकाका विभिन्न पुर्वाधार मर्मत तथा विभिन्न भवन निर्माणमा सृर्जित दायित्व भुक्तानीका लागि रु २८ लाख विनियोजन गरिएको छ ।
९. विभिन्न संघ संस्था तथा सरकारी कार्यालयहरुबाट समपूरक दायित्व बहन गर्ने गरी प्राप्त हुने योजनाहरुको लागि रु ३० लाख रकम विनियोजन गरेको छु ।
१०. हिलिहाङ गाउँविकास गुरुयोजना, शिक्षा गुरुयोजना तथा गौरवका आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकन लगाएतका परामर्श सेवाहरुको लागि रु ४० लाख रकम विनियोजन गरेको छु ।
११. काबेली खोलामा स्वागत गेट निर्माण गर्नका लागि रु १५ लाख रकम विनियोजन गरेको छु ।

**कार्यालय संचालन, सेवा प्रवाह र सुशासन**

गाउँपालिका, अन्तर्गतका निकायहरु, वडा कार्यालय संचालनका लागि कर्मचारी सेवा सुविधा, पारिश्रमिक, पदाधिकारी सेवा सुविधा, कार्यालय संचालन, मर्मत तथा व्यवस्थापनका लागि रु ७ करोड ४३ लाख विनियोजन गरेको छु ।

१. संघीय सरकारबाट प्रत्यायोजित परियोजना जस्तै, प्रधानमन्त्री रोजगार कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पंजीकरण इकाई, एक गाउँ एक कृषि प्राविधिक, सूचना प्रविधि अधिकृत लगाएतका कर्मचारीहरुको तलब साझेदारीका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२. सेवा निवृत्त हुदाँ वा सेवामा रहँदा कर्मचारीको सेवा सुविधाका लागि कर्मचारी कल्याण कोषका लागि रु १० लाख विनियोजन गरेको छु ।
३. कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास तालिम, दिगो विकास सम्बन्धीका लक्ष्य/ अन्तर्राष्ट्रिय प्रतिवद्धता बमोजिमका कार्यक्रमहरुको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
४. पहाडी क्षेत्र तथा गाउँपालिकाबाट विभिन्न कारणले बसाईसराई गरि जाने कार्यलाई निरुत्साहन तथा बसाई सरी आउने कार्यलाई प्रोत्साहन कार्यक्रम संचालनका लागि ३ लाख रुपैंया विनियोजन गरेको छु ।
५. गाउँपालिका क्षेत्र भित्र स्थायी बसोवास गरेका नागरिकहरुको मृत्यु भएमा दुखमा हिलिहाङ गाउँपालिकाको उपस्थिति महसुस गराउनका लागि रु १२ लाख रकम विनियोजन गरेको छु ।
६. गाउँपालिकाभित्र कार्यान्वयन हुने भौतिक पूर्वाधारहरुको गुणस्तर वृद्धि र कायम गर्नका लागि ल्याब स्थापनाको लागि रु १० लाख रकम विनियोजन गरेको छु ।
७. मेलमिलाप कर्ताहरुलाई पुनर्ताजगी तालिम, विद्यालय तथा वडाहरुमा कानुनी सचेतना कार्यक्रम तथा मेलमिलाप कर्ता कक्षको व्यवस्थापनलाई प्रभावकारी बनाई चुस्त न्यायिक प्रशासन संचालनका लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फ**

१. गाउँपालिकाले दायित्व बहन गर्ने गरि सृजना गरिएको शिक्षा र स्वास्थ्य तर्फ विभिन्न कर्मचारीहरुको सेवा सुविधाको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
२. म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविर/जेष्ठ नागरिक स्वास्थ्य परिक्षण, औषधि उपचार, निशुल्क प्रयोगशाला व्यवस्थापन, जेष्ठ नागरिको सेवा प्रवाह, महिला स्वास्थ्य स्वयंसेविकाको यातायात तथा खाजा, सुत्केरी आमासँग उपाध्यक्ष कार्यक्रम, विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम, नागरिक आरोग्य केन्द्र व्यवस्थापन, अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम, पूर्णखोप घोषणा अभियान, सर्ने र नसर्ने सबै प्रकारका रोगहरुको बारेमा सचेतनात्मक तथा उपचारात्मक कार्यक्रम संचालन गर्नका लागि रु १ करोड ४७ लाख रुपैंया विनियोजन गरेको छु ।
३. पाठ्यक्रम प्रवोधिकरण, शिक्षकहरुलाई योग शिक्षा सम्बन्धी तालिम, स्थानीय आदिवासी भाषा प्रवर्द्धन, अभिभावक सचेतनात्मक कार्यक्रम, शैक्षिक सामाग्री व्यवस्थापन, विद्यार्थी प्रोत्साहन तथा छात्रबृत्ती कार्यक्रम, शिक्षकहरुको पेशागत अभिमुखिकरण तालिम, दिवा खाजा अनुगमन, आधारभूत

तह परीक्षा संचालन कार्यक्रम लगाएतका कार्यक्रमका लागि रु ६१ लाख १० हजार रकम विनियोजन गरेको छु ।

४. युवा तथा खेलकुद कार्यक्रम तर्फ, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अध्यक्ष रनिङ भलिवल कप, बालाचतुर्दशी मेलाको अवसरमा उपाध्यक्ष कप कार्यक्रम र अन्तरपालिका खेलाडी सहभागिता बढाई खेलकुद विकासका लागि रु २६ लाख विनियोजन गरेको छु ।
५. निःशुल्क स्वास्थ्य सेवा प्रवाहका निःशुल्क औषधि खरिद, ल्याब केमिकल खरिद्, सेटेलाईट क्लिनिक संचालन तथा व्यवस्थापनका लागि २० लाख रुपैंयाँ विनियोजन गरेको छु ।
६. पोषण कार्यक्रम संचालन, स्वास्थ्य विमा कार्यक्रम, खोप क्लिनिक, गाउँघर क्लिनिक र आमा समूह व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
७. सामाजिक सुरक्षा भत्ता वितरण वडा कार्यालयबाटै वितरण, सामाजिक सुरक्षा नविकरणका लागि आवश्यक बायोमेट्रिक डिभाइस व्यवस्थापनका लागि रु १८ लाख रुपैंयाँ विनियोजन गरेको छु ।
८. महिला, ज्येष्ठ नागरिक, बालवालिका, अपाङ्गता र खानेपानी तथा सरसफाई तर्फको लैंगिक समानता र समावेशीकरणका कार्यक्रम संचालन, बालमैत्री वडा घोषणा कार्यक्रम संचालन, विभिन्न दिवस तथा पर्व मनाउने र सिप विकास तालिम संचालनका लागि ३० लाख रुपैंयाँ विनियोजन गरेको छु ।
९. सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, जातीय अन्तर्घुलन कार्यक्रम, परियोजना प्रस्ताव लेखन सम्बन्धी कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**<u>आर्थिक विकास तर्फ</u>**

१. पशु स्वास्थ्य तर्फ निःशुल्क औषधी वितरण, ILR रेफ्रिजिरेटर खरिद, बोयर बोका वितरण, कृत्रिम गर्भाधान मिसन कार्यक्रम, स्थायी बन्ध्याकरण कार्यक्रम र सबै वडाहरुमा पशु प्राविधिकहरु परिचालन हुने व्यवस्था बमोजिम रु ३० लाख रकम विनियोजन गरेको छु ।
२. ५० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर तथा मिनिमिल वितरण, विषादी वितरण, युवा लक्षीत कार्यक्रम तथा फलफुलको व्यावसायिक खेती गर्नेलाई अनुदान कार्यक्रमहरुको लागि रु ३४ लाख रकम विनियोजन गरेको छु ।
३. भुमिको कित्तागत वर्गीकरण, मेचीराजमार्गले काटेको जग्गाहरुको लगतकट्टा, भुमिहिन हरुको पूर्जा वितरण कार्यक्रमका लागी रु १५ लाख विनियोजन गरेको छु ।
४. सहकारीहरुको नियमन र व्यवस्थापन, ऋण व्यवस्थापन तालिम, व्यावसायिक योजना निर्माणका लागि रु ७ लाख ५० हजार विनियोजन गरेको छु ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सशर्त बमोजिम संचालन हुने योजनाको समपुरक दायित्व, मनोसामाजिक सामाजिक परामर्शकर्ताको तलब, रोजगारहरुको औजार र प्राविधिक सहायकको तलब भत्ताबापतको कार्यक्रमका लागी रु ५० लाख २५ हजार वजेट विनियोजन गरेको छु ।
६. गरिवि निवारण, लघु उद्यम विकास कार्यक्रम संचालन गरि सिप तथा क्षमता विकास कार्यक्रम संचालन र प्रविधि हस्तान्तरणका लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।
७. पर्यटन प्रवर्द्धन गर्नका लागि हिलिहाङ महोत्सव, बाला चतुर्दशी मेला जस्ता कार्यक्रमहरुको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

<u>वन, वातावरण तथा विपद् व्यवस्थापन</u>

१. सामुदायिक वनको कार्ययोजना निर्माण, पूर्वसूचना तयारी कार्यक्रम, इलाका वन कार्यालयसँगको साझेदारी, एकिकृत वस्ति योजना लगाएतका कार्यक्रमहरुको लागि रु १५ लाख विनियोजन गरेको छु ।
२. प्रकोपजन्य अवस्थामा भैपरी आउने खर्च ब्यवस्थापनका लागि प्रकोप व्यवस्थापनकोषका लागि रु २० लाख विनियोजन गरेको छु ।
३. आकष्मिक अवस्थामा दैवि प्रकोप लगाएत गाउँपालिकाले आवश्यक महसुस गरे बमोजिम रु १५ लाखको आकष्मिक कोष व्यवस्थापन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक बर्ष २०८२।८३ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

३. आगामी आर्थिक बर्षको राजश्व नीति र करका दरहरु निर्धारण गर्दा निम्नानुसारको राजश्व परिचालन नीति अङ्गिकार गरेको छु ।

(क) सरोकारवालाहरुसँगको समन्वयमा करका दायरा तथा क्षेत्र विस्तार गर्ने ।
(ख) राजश्व प्रशासनलाई प्रविधिमैंत्री बनाईने छ ।
(ग) राजश्व प्रशासन कार्यमा प्रत्यक्ष सम्लग्न जनशक्तिको विकास गरिने छ ।
(घ) राजश्व सुधार कार्ययोजनाले दिएका सुझावहरुलाई अङ्गिकार गरी कर सहभागिता अभिबृद्धि गर्ने ॥
४. राजश्व परामर्श समतिको प्रतिबेदन लगायत स्थलगत रुपमा अध्ययन गर्ने ।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक बर्षको राजश्व नीति र करका दरहरु निर्धारण गर्दा निम्नानुसारको राजश्व परिचालन नीति अङ्गिकार गरेको छु र

(क) करका दायरा तथा क्षेत्र विस्तार गर्ने
(ख) राजश्व प्रशासनलाई प्रविधिमैंत्री बनाइने छ ।
(ग) राजश्व प्रशासन कार्यमा प्रत्यक्ष सम्लग्न जनशक्तिको क्षमता विकास गरिने छ ।
(घ) राजश्व सुधार कार्य योजनाले दिएका सुझावहरुलाई अङ्गिकार गरी कर सहभागिता अभिबृद्धि गरिने छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

(क) उपलब्ध स्रोत र साधनलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्दै आय र रोजगारीको अवसर सृजना गरी गरिबी न्यूनिकरणमा जोड दिने ।

(ख) आर्थिक र सामाजिक पूर्बाधारहरुको विकास गरी समृद्ध हिलिहाङ गाउँपालिकाको आधार गर्ने ।

(ग) सर्बसुलभ तथा गुणस्तरीय सेवा प्रबाह गर्ने ।

(घ) स्थानीय स्तरका सडकहरुको स्तरोन्नति, पर्यटन पूर्बाधार विकास र संस्थागत भवनहरुको निर्माण गर्ने ।

**९. प्रस्तुत बजेटका उद्देश्यहरु हासिल गर्न देहाय बमोजिको प्राथमिता निर्धारण गरेको छु ।**

(क) कृषि तथा पशुपालन व्यबसायको व्यबसायीकरण, आधुनिकीकरणमा जोड दिदै निर्यातमूखि कृषिजन्य तथा पशुजन्य उत्पादनमा बृद्धि गर्ने ।

(ख) उधमशिलताको माध्यमबाट प्रविधि सहितको सीपमूलक तालिम प्रदान गरी नयाँ उधमिहरु सिर्जना गर्ने ।

(ग) हिलिहाङ गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको सरक्षण, सम्बर्द्धन, प्रवर्द्धन गरी पर्यटकीय गन्तब्यको रुपम विकास गरिने छ ।

(घ) निर्माणाधिन तथा अधुरा आयोजनाहरुको निर्माण कार्यको यथोचित प्रबन्ध मिलाई समयमै सम्पन्न गरिने छ ।

(ङ) अति विपन्न लक्षित घरपरिबारलाई आयआर्जनमूलक कार्यक्रमहरुमा क्रियाशिल गराई उनिहरुको जीबनस्तरमा क्रमिक रुपमा सुधार गरिने छ ।

(च) हिलिहाङ गाउँपालिकाको सुशासन र गुणस्तरीय सेवा प्रबाहमा समय सापेक्ष रुपमा सुधार गर्दै सबै संयन्त्रहरुलाई क्रियाशिल बनाईने छ ।

(छ) संघ र प्रदेश सरकारको सहयोग, समन्वय र सहकार्य मार्फत सर्बाङ्गिण विकासमा जोड दिईने छ ।

**सभाध्यक्ष महोदय,**

अब म हिलिहाङ गाउँपालिकाको चालु आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत बजेट नीति तथा कार्यक्रमहरु कार्यान्वयनको समग्र बर्तमान अवस्थाका बारेमा संक्षिप्त रुपमा जानकारी प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**चालु आर्थिक बर्षको बजेट नीति तथा कार्यक्रम कार्यान्वयनको समिक्षा**

**चालु आर्थिक बर्ष २०८१/०८२ को कुल बजेट ५१ करोड ४ लाख १० हजार मध्ये चालु तर्फ शसर्त अनुदान सहित रु ३६ करोड १७ लाख ९१ हजार विनियोजन भएकोमा हालसम्म २१ करोड १३ लाख ०१ हजार रुपैंयाँ अर्थात ५८।०४ प्रतिशत कर्यान्वयन भएको देखिन्छ । पुंजीगत तर्फ शसर्त अनुदान सहित १४ करोड ८६ लाख विनियोजन भएकोमा रु ७ करोड ९० लाख अर्थात ५३.१८ प्रतिशत भुक्तानी भई सकेको देखिन्छ । यसरी चालु आर्थिक बर्षको मिति २०८२ असार महिनाको पहिलो हप्तासम्म कुल विनियोजनको चालु र पूंजिगत दुबैलाई मिलाएर समग्र रुपमा अध्ययन गर्दा कुल बजेटको करिब ५६.८८ प्रतिशत बजेट कार्यान्वयन भएको देखिन्छ ।** गाउँपालिकाको अधिकांश योजनाहरु सम्पन्न हुने क्रममा छन । कार्य सम्पन्न भएका योजनाहरुको स्थलगत अनुगमन तथा मूल्याङ्कन कार्य समेत गाउँसभाको तयारीको सिलसिलामा प्रभावित भए मुताविक भुक्तानि हुन बाँकी रहेको हुँदा पूँजिगत खर्चको प्रगतिको वास्तविक प्रतिशत चाँडै नैं देखिने सभा समक्ष जानकारी गराउन चाहान्छु ।

**(क) आर्थिक विकास**

चालु आर्थिक बर्षमा आर्थिक विकास तर्फका उपक्षेत्रहरु कृषि, पशु, लघु, घरेलु उधम, पर्यटन, सहकारी जस्ता उत्पादनमूलक क्षेत्रहरुमा रु २ करोड ४८ लाख ५५ हजार बजेट विनियोजन भएकोमा हालसम्म उक्त विषयक्षेत्रगत बजेटको ३१.६३ प्रतिशत अर्थात रु ७८ लाख ६१ हजार खर्च भएको छ ।

**(ख) सामाजिक विकास**

चालु आ व को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा समाबेश शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समाबेशीकरण, युबा खेलकुद तथा मनोरञ्जन र संस्कृति प्रवर्द्धन जस्ता सामाजिक विकास क्षेत्र तर्फ चालु र पूंजिगत गरी रु ३० करोड २८ लाख २५ हजार विनियोजन भएकोमा हालसम्म उक्त बजेटको ६२.०८ प्रतिशत अर्थात रु १८ करोड ७९ लाख ९२ हजार छ सय अठासी खर्च भएको देखिन्छ ।

**(ग) पूर्बाधार विकास तर्फ**

आ.व २०८१/०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा उच्च प्राथमिकताकासाथ समाबेश सडक, भवन, सिचाई लगायत अन्य भौतिक पूर्बाधारजन्य क्षेत्रहरुमा रु ०९ करोड ३४ लाख ३५ हजार विनियोजन भएकोमा बर्तमान अबस्थाको खर्च प्रगति रु ५ करोड ६ लाख ८७ हजार अर्थात ५४.२६ प्रतिशत प्रगति भएको देखिएको छ ।

**(घ) वन वातावरण तथा विपद व्यवस्थापन**

चालु आ.ब २०८१/०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा समाबेश वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलबायु परिबर्तन, फोहोरमैला व्यवस्थापन र विपद व्यवस्थापन जस्ता क्षेत्रहरुमा रु ६४ लाख विनियोजन भएकोमा हालसम्म उक्त बजेटको १७लाख अर्थात २६ प्रतिशत खर्च भएको देखिन्छ ।

**(ङ) सुशासन तथा संस्थागत विकास**

आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत बार्षिक विकास कार्यक्रममा समाविष्ट मानव संशाधन, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तीय जोखिम न्यूनिकरण, सार्बजनिक सुनुवाई, बेरुजु फर्छ्यौट, सेवा प्रबाह, विधुतीय सूचना प्रविधिको प्रयोग, सेवा प्रवाह, कार्यालय संचालन, कार्यालय तथा प्रशासनिक खर्च जस्ता क्षेत्रहरुमा रु ०८ करोड २७ लाख १९ हजार वजेट विनियोजन भएकोमा हालसम्म उक्त बजेट ०४ करोड २० लाख ७९ हजार अर्थात करिब ५० प्रतिशत खर्च भएको छ ।

**सभाध्यक्ष महोदय,**

अन्त्यमा कृषि, उर्जा, पर्यटन र प्रविधि हिलिहाङ गाउँपालिकाको संबृद्धिको महान अभियानलाई सार्थक रुप प्रदान गर्ने सन्दर्भमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले साथ सहयोग गर्नु हुने संघीय सरकार, प्रदेश सरकार, गाउँसभा सदस्यहरु, गाउँपालिका परिवार, राजनैतिक दलहरु, सहकारी संस्था, गैरसरकारी संघ संस्थाहरु, उपभोक्ता समितिहरु, टोल विकास समितिहरु, निर्माण व्यवसायीहरु, समाजसेवी, बुद्धिजीविहरु, कर्मचारीहरु, शिक्षकहरु र आम हिलिहाङबासी नागरिकहरु लगायत सम्पूर्ण सहयोगि मनहरुलाई हृदयदेखि नैं धन्यवाद दिँदै आगामी दिनहरुमा पनि निरन्तर साथ सहयोगको अपेक्षा गरेको छु ।

–धन्यवाद–